नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
सिहंदरबार, काठमाण्डौ ।

सम्पर्क :४२००५३९
फ्याक्स :+ ९७७-१-४२००५५२
ईमेल :minister@moys.gov.np
वेवसाइड :https://moys.gov.np

मा. तेजु लाल चौधरी
मन्त्री

पत्र संख्या :-०८१/०८२
चलानी नं. :-

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विज्ञप्ती

विगत केही दिनदेखि नेपाल प्रिमियर लिग (एनपिएल) का विषयमा युवा तथा खेलकुद मन्त्री एवम् राष्ट्रिय खेलकुद परिषदका अध्यक्षको नाम जोडेर विभिन्न संचार माध्यममा प्रकाशित/प्रसारित समाचारको विषय प्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालमा खेलप्रेमीलाई उत्साह, खेलाडीलाई अवसर सिर्जना गरेको नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करणमा आयोजक संस्था नेपाल क्रिकेट संघ (CAN)को आन्तरिक आर्थिक कारोबार लगायतका विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौमा उजुरी परेको विषय छानबिन गर्नका लागि तहाँबाट पत्राचार भए बमोजिम नियमानुसार गठित छानविन कार्यदल मार्फत छानबिन भएको, सो कार्यदलले तयार गरेको छानबिन प्रतिवेदन मिति २०८२/०३/२५ गते बुझाइसकेको अवस्थामा उक्त विषयलाई अतिरन्जित गर्ने कार्य हुनु दु:खद हो । कार्यदलले बुझाएको प्रतिवेदन मन्त्रालयले अध्ययन गर्ने र कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाउने छ ।

नेपाल सरकारले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करण नियमानुसार आयोजक संस्थाबाटै संचालन हुने अपेक्षा राखेको अवस्थामा सो संस्करण रोक्नका लागि मेरो संलग्नता भएको भनि प्रचार गरिनु गलत विषय हो । नेपाल प्रिमियर लिग (एनपिएल)को आगामी संस्करण निरन्तरताकै पक्षमा छानबिन कार्यदलको प्रतिवेदनमा समेत उल्लेख भएको अवस्थामा यस्ता गलत प्रचारले क्रिकेटप्रेमी आम जनसमुदाय, खेलाडी र प्रतिस्पर्धी टीमको मनोबल गिराउने भएकाले त्यस्तो किसिमको भुमिका नखेलि दिनु हुन सम्बद्ध सबैमा अनुरोध गर्दछु ।

खेल संघ/महासंघ भित्रको आर्थिक, प्रशासनिक गतिविधि पारदर्शी र प्रचलित कानुन नियमानुसार हुनुपर्ने सम्बन्धमा आफू सदैव रहेको पुन: स्मरण गराउँदै अतिरञ्जित विषयलाई निस्तेज बनाउन सबै पक्षको सहकार्यको समेत अपेक्षा राखेको छु ।

खेल र खेलाडीको माध्यमबाट मात्रै खेलकुद क्षेत्रको समग्र विकास हुने कुरामा कुनै शंका नगर्न समेत हार्दिक अपिल गर्दै सबै खेल संघ/महासंघहरुलाई प्रचलित कानुनको अधिनमा रही आफ्ना गतिविधि संचालन गर्न समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

मिति २०८२-०३-२७

तेजु लाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
एवम् अध्यक्ष
राष्ट्रिय खेलकुद परिषद